# तामाकोशी गाउँपालिका
# Tamakoshi Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive

जफे, दोलखा
Japhe, Dolakha
बागमती प्रदेश, नेपाल
Bagmati Province, Nepal


पत्र संख्या/Ref. No. :- २०७७/०७८
चलानी नं./Dispatch No. :-

मिति/Date: २०७७/०६/१५

**विषय/Subject :-** अत्यावश्यक बाहेकका अन्य सेवा प्रवाह बन्द सम्बन्धी सूचना ।

कोभिड-१९ को परीक्षणका क्रममा यस गाउँपालिका सरहदभित्रका नागरिकहरुमा संक्रमण पुष्टि हुने क्रम दिनानुदिन रुपमा बढिरहेको सर्वविदितै छ । यसै सन्दर्भमा कोभिड-१९ को लक्षण सहितका बिरामी देखिने क्रम नरोकिएको र नजिकिँदै गरेको दशैं लगायतका चाडपर्वको कारण उल्लेख्य मात्रामा जनमानस भित्रने क्रम बढेको हुँदा संक्रमणको जोखिम बढ्दै गएकाले मिति २०७७/०६/१४ गते बसेको जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्रको बैठकको निर्णय अनुसार यस गाउँपालिकाबाट प्रवाह हुने अत्यावश्यक बाहेकका अन्य सम्पूर्ण सेवा अर्को सूचना जारी नभएसम्मका लागि बन्द गरिएको र तामाकोशी गाउँपालिका क्षेत्रभित्र देहाय बमोजिमका कार्य गर्न निषेध गरिएको सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

<u>जिल्ला कोभिड - १९ संकट व्यवस्थापन केन्द्रको बैठकको निर्णयद्वारा निषेध गरिएका कार्यहरु</u>

- खुल्ला स्थानमा मानिसहरु भेला हुन, भिडभाड गर्न, सभा जुलुस आदि गर्न गराउन,
- भीडभाड हुने गतिविधि जस्तै जात्रा, महोत्सव, भोजभतेर आदि संचालन गर्न गराउन,
- मठ मन्दिर, चर्च लगायतका धार्मिक तथा साँस्कृतिक स्थलहरुमा दैनिक नित्य पूजा बाहेकका गतिविधि संचालन गर्न,
- बढी भिडभाड हुने उद्योग, कलकारखाना, व्यापार/व्यवसाय अन्तर्गतका स्वास्थ्य मापदण्ड विपरीत हुने क्रियाकलापहरु गर्न,
- चाडपर्व लगायतका धार्मिक साँस्कृतिक तथा सामाजिक कार्य गर्नका लागि हुने जमघटहरु,
- शैक्षिक संस्थाहरु (विद्यालय, कलेज, ट्युसन सेन्टर तालिम केन्द्र) संचालन गर्न,
- सबै प्रकारका सभा, गोष्ठी, तालिम, सेमिनार, सिनेमा हल, पार्टी प्यालेस, मनोरञ्जन स्थल, समुहमा खेलिने खेलकुद र खेल प्रस्तुति, प्रदर्शनी, पुस्तकालय सञ्चालन गर्न,
- उद्योग, व्यापार, व्यवसाय, निर्माण आदि कार्य गर्नका लागि स्वास्थ्य सुरक्षा मापदण्ड विपरित श्रमिक/कामदारको ओसार पसार गर्ने कार्य गर्न,
- सहकारी लगायतका संघ संस्थाहरुले साधारण सभा, तालिम गोष्ठी जस्ता भिडभाड हुने गतिविधि ।

पुनश्चः यस कार्यालयबाट भेला, सभा समारोह जस्ता सामाजिक जमघट हुने प्रवृतिका कार्य नगर्ने आशय सहितको सूचना यस अघि नै प्रकाशन गरिएको भएता पनि लक्षण सहितका संक्रमितहरुसँग नजिकको सम्पर्कमा रहेका व्यक्तिहरु स्वास्थ्य सुरक्षा र सावधानी नअपनाई हिँडडुल र जमघटमा समावेश हुने गरेको पाइएकोले रोगलाई समुदायस्तरमा फैलनबाट रोक्न अत्यावश्यक बाहेकका सेवा बन्द गर्नु परेको जानकारी सबैमा गरिन्छ । साथै सेवा प्रवाह बन्द भएवापत पर्न गएको असुविधा प्रति हामी क्षमाप्रार्थी छौं ।

..............................
( निमेष मिश्र )
प्रमुख प्रशासकीय अधिकृत